श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
Shree Investment and Finance Co. ltd.
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)
Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

पत्र संख्याः- २०८०/८१ -४२६

मितिः २०८०/०९/०८

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड
सिंहदरवार प्लाजा
काठमाडौं

**विषयः उन्तिसौं वार्षिक साधारण सभा प्रयोजनार्थ शेयर कारोवार दाखिल खारेजी बन्द (Book closure) रहने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस वित्तीय सस्थाको मिति २०८० पौष ६ गते शुक्रवार बसेको सञ्चालक समितिको ३३७औं बैठकले मिति २०८० पौष २९ गते आइतवारका दिन उन्तिसौं वार्षिक साधारण सभा बोलाइएको तथा उक्त सभाको प्रयोजनकालागि मिति २०८० पौष २० गते शुक्रवार १ दिन वित्तीय सस्थाको शेयर कारोवार दाखिल खारेजी बन्द (Book closure) गर्ने निर्णय समेत गरेकोले मिति २०८० पौष २० गते शुक्रवारका दिन शेयर कारोवार दाखिल खारेजी बन्द (Book closure) गरि दिनु हुन अनुरोध गर्दछु ।

साथै, दाखिल खारेजी बन्द (Book closure) भन्दा अघिसम्म कायम रहेका शेयरधनीहरुलाई सो सभामा भाग लिन, वित्तीय संस्थाले प्रस्ताव गरेको लाभाँश प्राप्त गर्न, मतदान गर्ने अधिकार रहने व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न**

१. राष्ट्रिय दैनिक पत्रिका "नयाँ पत्रिका" मा प्रकाशित सूचनाको प्रतिलिपी १ थान

भवदिय,

(लिलामणि न्यौपाने)
प्रमुख कार्यकारी अधिकृत

# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को उन्तिसौं वार्षिक साधारणसभा बस्ने सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०७)**

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को मिति २०८० पौष ६ गते शुक्रवारका दिन बसेको सञ्चालक समितिको ३३७औं बैठकको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल गरि पारित गर्नका लागी कम्पनीको २९औं वार्षिक साधारणसभा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**१. साधारणसभा बस्ने :**

मिति : वि.स. २०८० साल पौष २९ गते आइतवार (तदनुसार जनवरी १४, २०२४ ई.सं.) ।
स्थान : श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं लि.को रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाडौं
समय : बिहान १०.०० बजे ।

**२. छलफलका बिषयहरु :**

**(क) साधारण प्रस्ताव**

१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आ.व. २०७९/८० को प्रतिवेदन छलफल गरि पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०७९/८० आषाढ मसान्तको बासलात तथा सोही आ.व.सम्मको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह बिवरण लगायत वार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८०/८१ को लागी लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप कम्पनीको चुक्ता पूँजीको ५.०५% ले हुन आउने रु. ४,९५,७५,००१/६० (अक्षरेपी चार करोड पन्चान्नब्बे लाख पचहत्तर हजार एक पैसा ६०/१०० मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनार्थ समेत) बितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि र अन्य कुनै बैक/वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न कम्पनीको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न तथा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारणसभा सम्बन्धि सामान्य जानकारी :**

१. कम्पनीको उन्तिसौं वार्षिक साधारणसभा प्रयोजनकालागि मिति २०८०/०९/२० गते शुक्रवार एक दिन कम्पनीको शेयर दाखिल खारेजको काम बन्द (Book Closure) रहने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । उक्त दिन भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीले सभामा सहभागि हुन तथा कम्पनीबाट वितरित लाभाँश पाउनु हुनेछ ।
२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका विहान ९:०० वजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
३. साधारणसभामा भाग लिन र मतदान गर्नकालागी प्रोक्सी ल्याउने व्यक्ति यस कम्पनीको शेयरधनी मध्येबाटै हुनु पर्नेछ । प्रोक्सी (प्रतिनिधीपत्र) साधारणसभा हुनुभन्दा ७२ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा दाखिल भई सकेको हुनु पर्नेछ ।
४. कुनै व्यक्तिले एक भन्दा बढी व्यक्तिलाई प्रोक्सी दिएको भए रितपूर्वकको पहिलो दर्ता हुन आएको प्रोक्सी सदर गरी अरु प्रोक्सी रद्द हुनेछ, साथै प्रतिनिधी नियुक्त गरी सक्नु भएको शेयरधनी साधारणसभामा आफै उपस्थित भए निजले दिएको प्रोक्सी (प्रतिनिधीपत्र) स्वत: बदर हुनेछ ।
५. छलफलको बिषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको बिषयवारे साधारणसभा हुनुभन्दा कम्तिमा सात दिन पहिले कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिव मार्फत लिखित रुपमा जानकारी दिनु पर्नेछ ।
६. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तब्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू वा उहाँबाट अनुमति प्राप्त ब्यक्तिले जवाफ दिनु हुनेछ ।
७. अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

**द्रष्टब्य :** कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण गर्न वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको केन्द्रीय कार्यालयबाट उपलब्ध गराउन सकिने लगायत कम्पनीको वेभसाइट www.shreefinance.com.np मा समेत राखिएको जानकारी गराईन्छ ।

**श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.**
डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।
फोनः ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्सः ९७७-१-४४२१७७९, E-mail: info@shreefinance.com.np